**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ३० सितम्बर २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- वरिष्ठ भाजपा नेता विजय कुमार मल्होत्राको आज बिहान नयाँ दिल्ली स्थित अखिल भारतीय आयुर्विज्ञान संस्थान (एम्स) मा निधन भएको छ।
- राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सी.पी. राधाकृष्णन, प्रधानमंत्री नरेन्द्र मोदी साथै पश्चिम बंगालका मुख्य मन्त्री ममता ब्यनेर्जीले उहालाई श्रद्धांजलि अर्पित गरे |
- आज महाअष्टमी हो। नौ दिन सम्म चल्ने नवरात्रको आठौं दिन आज माता दुर्गा भवानीको आठौ रूप महागौरीको पूजा अर्चना श्रदा अनि भक्तिभावसित गरिन्दैछ।
- 163 सैनिक अस्पताल दार्जीलिङ लेबुङ क्षेत्रबाट अन्य कतै सारिनु हुँदैन भन्ने विषयमा गोर्खा जनमुक्ति मोर्चाको पक्षबाट प्रधानमन्त्री , गृहमन्त्री , रक्षामन्त्री लगायत दार्जीलिङ क्षेत्रका सांसद श्री राजु बिष्टलाई पत्रचार गरिएको छ |
- आकाशवाणी खरसाङमा गत 15 सितम्बरदेखि चलिरहेको हिन्दी दिवस पखवाडा समारोहको आज समापन भएको छ।

**मुख्यमंत्री- दुख ब्येक्त**

पश्चिम बंगालका मुख्यमंत्री ममता बनर्जीले वरिष्ठ नेता विजय कुमार मल्होत्राको निधनमा गहिरो दुख ब्येक्त गर्नुभएको छ। मुख्य मन्त्रीले आफ्नो ट्वीट सन्देशमा विजय मल्होत्रालाई एक प्रभावशाली खेल प्रशासक बताउनुभयो जसको योगदान अत्यंत महत्वपूर्ण थियो। मुख्यमंत्रीले उहाको परिवार, मित्रहरु अनि अनुयायिहरु प्रति आफ्नो संवेदना व्यक्त गर्नुभएको छ। उल्लेखनीय छ, विजय कुमार मल्होत्राको राजनीतिमा लामो अनि समर्पित करियर रह्यो साथै उहाले खेल क्षेत्रमा पनि महत्वपूर्ण भूमिका निभाउनु भयो। उहाको मृत्युले राजनीति अनि खेलको क्षेत्रलाई ठुलो क्षति पुगेको छ। प्राप्त जानकारी अनुसार, भाजपा का बरिस्ठ नेता विजय कुमार मल्होत्राको आज बिहान 93 बर्षको उमेरमा निधन भएको छ। उहाको बिगत केहि दिन देखि दिल्ली एम्समा उपचार चलिरहेको थियो।मल्होत्रा दिल्लीबाट पांच पल्ट सांसद अनि दुई पल्ट विधायक हुनुहुन्थियो।

**दिल्ली-मल्होत्रा निधन**

राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सी.पी. राधाकृष्णन, प्रधानमंत्री नरेन्द्र मोदी अनि पश्चिम बंगालका **मुख्यमंत्री ममता ब्यनेर्जीले** वरिष्ठ भाजपा नेता विजय कुमार मल्होत्राको निधन पर शोक व्यक्त गर्दै उहालाई श्रद्धांजलि अर्पित गरे। 93 वर्षीय वरिष्ठ भाजपा नेताको आज बिहान नयाँ दिल्ली स्थित अखिल भारतीय आयुर्विज्ञान संस्थान (एम्स) मा निधन भएको हो। उहाँ भाजपाको दिल्ली इकाईको पहिलो अध्यक्ष हुनुहुन्थ्यो।

**महाअष्टमी**

आज महाअष्टमी हो। नौ दिन सम्म चल्ने नवरात्रको आठौं दिन अनि आज माता दुर्गा भवानीको आठौ रूप महागौरीको पूजा अर्चना श्रदा अनि भक्तिभावको साथ गरिन्दैछ। पौराणिक मान्यता अनुसार - माता पार्वतीले शिवजीलाई आफ्नो पतिको रूपमा पाउन कठोर तपस्या गर्दा उनको समस्त शरीर कालो भएको समय भगवान शिवले उनको तपस्याबाट प्रसन्न भई आफ्नो जटामा धारण गरेका गंगाको पवित्र जलले उनको शरीरमा स्पर्श गर्दा माता पार्वतीको शरीर विजुलीको ज्योति समान कान्तिमय अनि अदभूत हुँदा उनको त्यस स्वरूपलाई महागौरीको नामले समस्त संसारमा पुजिन थालिएको हों यस अवसरमा आज दार्जीलिङको महाकाल मन्दिर सिन्चेल धाम, डाली , त्यसैगरी खरसांगको सात कन्या देवी मन्दिर,

लगायत मिरिक अनि कालेबुङका विभिन्न देवी मन्दिरहरूमा महा अष्टमीको पर्व श्रदा भक्तिको साथ पालन गरिएको छ। यस अवसरमा आज विभिन्न मन्दिर तथा सार्वजनिक दुर्गा पण्डालहरूमा महागौरीको पूजा अर्चना गर्न श्रदालुहरू ठूलो संख्यामा पुगेको समाचार प्राप्त भएको छ। दार्जीलिङ पहाड़ ,सिलगड़ी , तराई डुर्वसमा पनि आज महाअष्टमीको पर्व बड़ो धूमधाम संग मनाईरहेको छ।

**पूजा पंडालहरु-सुरक्षा**

दुर्गा पूजाको अवधि राजधानी कोलकाताको विभिन्न पंडालहरुमा दुर्गाको प्रतिमाहरुमा सजाईएको सुन-चांदीको बहुमूल्य गहनाहरुको सुरक्षा सुनिश्चित गर्नको लागि पुलिसले यस पल्ट विशेष प्रबन्ध गरेको छ। लालबाजार सुत्रहरु अनुसार यस्ता 13 पंडालहरु चिन्हित गरिएको छ जहां प्रतिमाहरुलाई भारी मात्रामा सुन-चांदीको गहनाहरुले सजाईएको छ। ती मद्धे 11 पंडालहरुमा दुई जना पुलिसकर्मिहरुलाई रायफलको साथमा तैनात गरिएको छ जबकि अन्य दुई वटा पंडालहरुमा पनि कडा सुरक्षा व्यवस्था गरिएको छ। केंद्रीय कोलकाताको मुचिपाड़ा क्षेत्रमा एक पूजा पंडालको सुरक्षाको लागि दुई पुलिस अधिकारी सर्विस पिस्टलको साथमा तथा दुई पुलिसकर्मी रायफलको साथ तैनात छन् भने बेनियापुकुर क्षेत्रको एक पंडालमा पनि  रायफलधारी जवानहरुले गहनाहरुको निगरानी गरिरहेका छन्। धेरै पंडालहरुमा गहना केवल सीमित समयको लागि प्रतिमाहरुलाई पहिराउने गरिन्छ तर जबसम्म गहना प्रतिमामा रहन्छ पुलिस बल लगातार सुरक्षामा  तैनात रहने छन्। पुलिसकर्मीहरुले गहनाहरुको रखवाली गर्नको साथै यो पनि सुनिश्चित गर्नेछन् कि कोही बाहिरका व्यक्ति प्रतिमाको नजिक नजान सकून्। यस बाहेक सबै 13 पंडालहरुमा पर्याप्त संख्यामा सीसीटीवी कैमराहरु पनि लगाईएको छ। कोलकाता पुलिसका एक वरिष्ठ अधिकारीले बताए अनुसार आभूषणहरुको मुल्य करोड़ों रुपियाँको रहेको छ अनि पूजाको अवधि  लाखौ श्रद्धालुहरु यी पंडालहरुमा आउने गर्दछन् र यस्तो स्थितमा चोरीको आशंका बनीरहने गर्दछ। यसैले विशेष सुरक्षा प्रबन्ध गरिएको हो।

**प्लगिङ्ग अभियान**

यस वर्ष दशैंको अवसरमा दार्जिलिङमा हिज भव्य फुलपाती ऱ्याली आयोजना गरियो। हजारौं भक्तजन, विभिन्न समुदायका सङ्गठन र सांस्कृतिक समूहहरूले सहभागी हुँदै नगरको सडकमा रंग, संगीत र उत्साहको माहोल सिर्जना गरे। तर, यस ठूलो भीडभाडसँगै फोहोरको मात्रा पनि उल्लेखनीय रूपमा बढे पछि यस जिम्मेवारीलाई ध्यानमा राख्दै चौवास्ता दुर्गा पूजा समितिले तत्काल पहल गऱ्यो। ऱ्याली सम्पन्न भएको रातीनै समितिले प्लगिङ्ग अभियान सञ्चालन गऱ्यो, जसअन्तर्गत दौडिन्दै  फोहोर संकलन गर्ने कार्यमा युवाहरू, स्वयंसेवकहरू र समितिका सदस्यहरूले सक्रिय सहभागिता जनाए। प्लास्टिकको बोतल, प्याकेट र अन्य फोहर संकलन गरी चौवास्ता क्षेत्रलाई पुनः सफा र आकर्षक बनाइयो।यस अभियानले केवल शहरलाई सफा राख्ने मात्र नभएर उत्सव र जिम्मेवारी सँगसँगै जानुपर्छ भन्ने सन्देश पनि दिएको छ। चौवास्ता दुर्गा पूजा समितिको पश्चिम बंगालको दुर्गा

**पश्चिम बंगालमा - भाजपा**

पश्चिम बंगालमा दुर्गा पूजा पर्वको शुरुआत बीच भाजपा का शीर्ष नेतृत्व, बिशेष गरेर प्रदेश अध्यक्ष शमिक भट्टाचार्य दुई महत्वपूर्ण संगठनात्मक कार्यहरुलाई अंतिम रूप दिनमा जुटेका छन्। पहिलो कार्य प्रदेश भाजपाको नयाँ राज्य समितिको गठन पूरा गर्नु रहेको छ। केंद्रीय नेतृत्व चाहनछन्  कि दुर्गा पूजा पछि अनि दीपावली भन्दा पुर्ब नयाँ समितिको घोषणा गरियोस्  ताकि समिति अक्टूबरको अन्त्य देखिनै आगामी वर्षको तैयारिहरुमा सक्रिय हुन सकून्। यसैलाई ध्यानमा राख्दै प्रदेश अध्यक्ष अनि अन्य शीर्ष नेताहरुले संभावित नामहरुको सूचीलाई अंतिम रूप दिईरहेका छन्। दोस्रो प्रमुख कार्य तृणमूल कांग्रेसको राज्यव्यापी अभियानहरुको जवाब तैयार पर्नु रहेको छ। तृणमूल कांग्रेसले विशेष संक्षिप्त पुनरीक्षण (SIR ) लाई राज्यमा NRC थोप्ने सड्यन्त्र बताई रहेका छन् अनि भाजपा शासित राज्यहरुमा बंगालिहरुको कथित उत्पीड़नको मुद्दा उठाईरहेका छन्। यसको जवाबमा भाजपाले एक विस्तृत 'काउंटर नैरेटिव' रणनीति तैयार परिरहेको छ। पार्टीको भनाई छ कि बयानबाजीले मात्र काम चल्ने छैन तर जमीनी स्तरमा दह्रिलो अभियान चलाउनु आवश्यक छ। तृणमूल कांग्रेसको विरोध केवल अवैध बांग्लादेशी अनि  रोहिंग्या घुसपैठिहरुलाई बचाउने सड्यन्त्र रहेको भाजपा को भनाई छ। पार्टी सुत्रहरु अनुसार, दुर्गा पूजा पश्च्यात् यी दुवै मोर्चाहरुमा भाजपा को अभियान तिब्र बन्नेछ अनि  प्रदेशको नयाँ समितिले संगठनात्मक रूपमा सक्रिय भूमिका निभाउन शुरू गर्नेछ।सक्रियता र सामूहिक प्रयासले दार्जिलिङलाई रमाइलो मात्र होइन, दिगो र सरसफाइप्रति सजग बनाएको छ।

**हिन्दी दिवस पखवाडा**

आकाशवाणी खरसाङमा गत 15 सितम्बरदेखि चलिरहेको हिन्दी दिवस पखवाडा समारोहको आज समापन भएको छ। यस अन्तर्गत पहिलो दिन उदघाटन कार्यक्रममा प्रमुख अतिथिको रुपमा सिलगढीबाट बन्दना गुप्ता उपस्थित रहेका थिए। यस 15 दिवसीय हिन्दी दिवस पखवाडा समारोह अन्तर्गत 19 सितम्बरमा स्वरचित कविता प्रतियोगिता, 22 सितम्बरमा आकाशवाणी खरसाङका स्थायी कर्मचारीहरुलाई लिएर आँशु भाषण प्रतियोगिता र 23 सितम्बरको दिन अस्थायी कर्मचारीहरुलाई लिएर आँशु भाषण प्रतियोगिता सम्पन्न भएको थियो। त्यसरी नै 24 र 25 सितम्बरको दिन दुई दिवसीय अन्ताक्षरी प्रतियोगिता सम्पन्न भएको थियो भने आज 30 सेप्टेम्बरको दिन समापन समारोह सम्पन्न भएको छ। यस समापन समारोहको अध्यक्षता राज भाषा अधिकारी एंव कार्यक्रम निष्पादक राजीव सुब्बाको अध्यक्षता र सिलगढीबाट आएका हिन्दी साहित्यका वरिष्ठ साहित्यकार डा विखी प्रसादको प्रमुख आतिथ्यतामा सम्पन्न भएको छ। यस समापन कार्यक्रमलाई ललित सेवाले सञ्चालन गरेका थिए। कार्यक्रममा प्रमुख अतिथिको रुपमा बोल्दै हिन्दीका वरिष्ठ साहित्यकार डा विखी प्रसादले हिन्दी भाषाले भारतको राष्ट्रिय भाषाको रूपमा मान्यता पाएको विषयमा बताउँदै हिन्दी भाषाको महत्व विषयमा जानकारी गराउनुभयो । उहाले हिन्दी राजभाषा र हिन्दी दिवस पखवाडा समारोह र यसको महत्व विषयबारे बोल्दै हिन्दी भाषालाई विश्वले महत्व दिएको बताउनुभयो । आज विभिन्न प्रतियोगिताहरुमा पुरस्कार विजेताहरुलाई पुरस्कार वितरण गरियो ।

**GJMM**

163 सैनिक अस्पताल दार्जीलिङ लेबुङ क्षेत्रबाट अन्य कतै सारिनु हुँदैन भन्ने विषयमा गत २७ अक्टोबर को दिन गोर्खा जनमुक्ति मोर्चाको पक्षबाट देशका प्रधानमन्त्री नरेन्द्र मोदी , गृहमन्त्री अमीत शाह , रक्षामन्त्री राजनाथ सिंह लगायत दार्जीलिङ क्षेत्रका सांसद श्री राजु बिष्टलाई पत्रचार गरि यस विषय ठोस पाइला चलेर यस क्षेत्रको अर्ध सैनिक, भूतपूर्व सैनिकहरूको भवनालाई बुझेर दार्जीलिङ क्षेत्रकै विरासत मानिएको 163 सैनिक अस्पताल विषय पहल गरिदिने मांग गोर्खा जनमुक्ति मोर्चाले गरेको छ । यस क्षेत्रका सैनिक, अर्ध सैनिक साथै भूतपूर्व सैनिकहरूले जुन कार्य गरिरहेको छ त्यो एकदमै सराहनीय छ जसको म सदैव सम्मान गर्दछु भनि गो ज मु मो का अध्यक्ष बिमल गुरुंगले बताउनुभएको छ |

**दशैं कप–२०२५**

रिम्बिक–लोधोमा समष्टि अन्तर्गत बाँसबोटे खेलमैदानमा आयोजित दशै कप फुटबल प्रतियोगितामा NBFA लाई हराउँदै AK GANTOK फाइनलमा प्रवेश गरेको छ। रोमाञ्चक खेलमा अनुभव र आक्रमणमा बलियो देखिएको AK Gantok ले NBFA लाई ४–१ ले पराजित गर्दै फाइनलमा प्रवेश गर्न सफल भएको हो। पहिलो हाफमै दुई गोल गर्दै खेललाई नियन्त्रणमा लिएको AK ले दोस्रो हाफमा अझ दुई गोल गरेर जित सुनिश्चित गर्‍यो। यद्यपि NBFA का अन्डर–१८ का उत्साही युवा खेलाडीहरूले एक गोल फर्काएर दर्शकहरुलाई खुसी तुल्याए।